सत्रौं गाउँ सभामा २०८२ असार १० गते मंगलवार
गाउँ सभा सदस्य श्री उर्केन छिरिङ तामाङज्यूद्वारा
प्रस्तुत

# बजेट तथा कार्यक्रम
# २०८२/०८३

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०८२

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँसभाका सदस्यहरु

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा सङ्घीयताको अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षज्यूको स्वास्थ्यमा देखिएको समस्याको कारण गाउँ सभाका सभाध्यक्षज्यूको निर्देशन बमोजिम म यस गरिमामय गाउँसभाको वैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । म यस गरिमामय गाउँ सभामा उपाध्यक्षज्यूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो महत्वपूर्ण अवसरमा मुलूकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् सहिदहरु र राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तिहरुमा भावपूर्ण श्रद्धान्जली अपर्ण गर्न चाहान्छु । मुलूकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी, समतामूलक, न्यायपूर्ण समाज निर्माण, विकास र समृद्धि, लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी आन्दोलनहरुमा संलग्न र नेतृत्व गर्नुहुने प्रतिवद्ध महान् नेपाली नागरिक र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान गर्न चाहान्छु ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं आवधिक योजना, दिगो विकासको लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर तयार गरिएको छ । यो बजेट प्रस्तुत गरिरहँदा अर्थतन्त्रलाई गतिशिल वनाउने र नागरिकको आकाङ्क्षालाई पुरा गर्ने गहन जिम्मेवारी वोध गरेको छु । आगामी वजेट समृद्धि, सुशासन, सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । डिजिटल र हरित अर्थतन्त्र विकास गर्न युवालाई मुलूक भित्रै आर्थिक गतिविधिमा आवद्ध हुन अभिप्रेरित हुने, उद्यमशिलता विकास गरी गरिवी न्यूनीकरण गर्ने, सामाजिक सम्पत्तीहरुको संरक्षण

गर्ने तथा श्रोत साधनको प्रभावकारी एवम् परिणाममूखी परिचालन गरी वजेट समृद्धिको दिशातर्फ उन्मुख रहनेछ । उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुर्याउने कार्यक्रम सञ्चालनमा ल्याइनेछ । सङ्घीय सरकारले ल्याएको 'मेक इन नेपाल' र 'मेड इन नेपाल' को अभियानलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय सङ्घीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोत साधन, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा सङ्घीयताको मूल मर्मलाई हासिल गर्न थप चुनौतिको साथै थप अवसर समेत प्राप्त भएको छ । सङ्घीयता कार्यान्वयन गर्दै स्थानीय तहको ज्ञान, सीप, क्षमता र दक्षतालाई उपयोग गरी विकास प्राप्त गर्ने लक्ष्य तर्फ यो गाउँपालिका अग्रसर छ । सामाजिक न्याय र तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका, सभ्य, सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

**"जलविद्युत पर्यटन रसुवागढी नाका, पूर्वाधार र शिक्षा**
**सुसंस्कृत र समृद्ध गोसाईकुण्ड लाङटाङ हाम्रो सदिक्षा"**
भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पुरा गर्न यो बजेट अघिल्लो वजेट जस्तै केन्द्रित रहेको छ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

म अव हाम्रो गाउँपालिकाको विद्यमान अवस्था र चालु आर्थिक वर्षको वजेट कार्यान्वयनको समीक्षा संक्षेपमा पेश गर्ने अनुमति चाहान्छु । विश्व अर्थतन्त्रमा देखिएको संकुचन, शिथिलता तथा केही आन्तरिक कारणले आर्थिक गतिविधिमा सुस्तता आएको हुँदा त्यसको असर हाम्रो पालिकामा पनि देखिने निश्चित भएको छ । चालु आ.व. मा विनियोजित रकमको रु. ३ करोड ६५ लाख रकम कम निकासा प्राप्त भएको अवस्था छ । कुल खर्च मध्ये चालु खर्चमा जम्मा रु. १९ करोड अर्थात विनियोजन रकमको ७५ प्रतिशत र पूँजीगत खर्चमा जम्मा रु. ११ करोड अर्थात ६० % ले हुने संशोधित अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा विनियोजन रकम रु. ४३ करोड ८८ लाख मध्ये ३० करोड ५३ लाख अर्थात विनियोजन रकमको ७० प्रतिशत खर्च भएको थियो ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

स्थानीय अभ्यास गरेको ८ वर्ष भइसकेको र विगत वर्षको तुलनामा कानूनको निर्माण भई जनशक्तिको पर्याप्तता भएको अवस्थामा वित्तीय प्रगतिको पहिलै अवस्थामा रहेको र अपेक्षित रुपमा हुन नसकेको वारेमा समीक्षा भएको छ । हिमाली गाउँपालिका भएको कारणले हिउँ पर्ने समय अगावै योजना सम्झौता गर्ने भन्दा पनि हिउँ पर्ने समय समाप्त भएपछि काम गर्न सम्झौता गर्ने, साना- साना योजनाको निर्माण, वार्षिक खरिद योजना अनुसार काम नहुनु, योजनाको बैंकको वस्तुगत निर्माण र त्यही अनुसार योजनाको छनौट नहुनु, सम्बन्धित निकायबाट निकासा समयमा नहुनु, आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृति हावी हुनु जस्ता कारण वित्तीय प्रगतिमा वाधा देखिएका छन् । विशेष गरी योजनाहरुको कार्यान्वयन

गर्ने संस्था वडा कार्यालयहरु भएको कारणले यस वारेमा वडा  कार्यालयले आगामी दिनमा समयमै योजना सम्झौता गरी काम गर्ने संस्कृतिको विकास गर्नु पर्ने भएको छ ।

चालु आ.व.मा आन्तरिक राजश्व संकलन रु. ७५ लाख संशोधित अनुमान रहेको छ । यो हाम्रो लक्ष्यको तुलनामा लक्ष्य पुरा भएको देखिएको छ । कवाडीवाट प्राप्त राजश्वको आधारमा मात्र हाम्रो राजश्व अनुमान वरावरको रकम प्राप्त भएको देखिन्छ । अन्यथा हाम्रो गाउँपालिकामा राजश्व संकलनको रकम घट्दो देखिन्छ । नागरिक घर दैलो गई नजिकबाट सेवा प्रवाह गर्ने उद्देश्यले व्यवसाय दर्ता, नवीकरण लगायत विभिन्न सेवाहरु वडा सुरु भए पनि अपेक्षा गरे अनुरुप राजश्व घट्दो क्रममा देखिन्छ  । अघिल्लो आ.व. मा वहालकर मार्फत रु. २८ लाख आम्दानी भएकोमा यस वर्ष जेठ मसान्त सम्म रु. ११ लाख मात्र जम्मा भएको छ । गत आ.व. मा भूमिकर/मालपोत रु. १२ लाख राजश्व आम्दानी भएकोमा हाल ज्येष्ठ मसान्तसम्म रु. १ लाख मात्र राजश्व आम्दानी भएको छ । गत आ.व. अन्य राजश्व शीर्पकमा रु. ९८ लाख राजश्व आम्दानी भएकोमा चालु आ.व. को ज्येष्ठ मसान्तसम्म रु. १ लाख मात्र राजश्व जम्मा  भएको छ । हाम्रो गाउँपालिका हाइड्रोपावरको हव भएको र गत आ.व. मा हाइड्रोपावरले आफ्नो भवन निर्माण गरिनसकेको कारणले घर वहालमा लिएकोले हाम्रो गाउँपालिकाको आन्तरिक राजश्व खातामा वहाल कर जम्मा गरेको कारणले वहाल कर बढेको र यो चालु आ.व. मा हाइड्रोपावरले आफ्नो भवन निर्माण गरी घर वहालमा नलिएको कारण र राजश्व संकलनको लागि राजश्व सुधार कार्ययोजना, २०७८ को अद्यावधिक नगर्न गाउँपालिकाले पहल नगर्नु प्रमुख कारण रहेको देखिएको छ भने घर वहालमा दिने जनताले पनि आवश्यक परेमा मात्र घर वहाल कर तिर्न आउने प्रवृति अर्को कारणको रुपमा देखिएको छ । गाउँपालिकाले राजश्व सुधार कार्ययोजनालाई अद्यावधिक गर्दै राजश्वको दायरा विस्तार गर्दै राजश्वमा सवै जनतालाई जोड्दै जनताको राजश्व जनतामा पुर्याई अर्थतन्त्रलाई गतिशिल र परिष्कृत वनाउँदै लैजानु पर्दछ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

अव म अर्थतन्त्र र वजेट प्रणालीमा देखिएको मुख्य चुनौती तथा अवसरको वारेमा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहान्छु। हाम्रो गाउँपालिकाको पुँजीगत खर्च अपेक्षित रुपमा वढ्न नसकेको र गोसाईकुण्ड गाउँपालिकावासीले दिर्घकालिन रुपमा प्राप्त गर्ने सेवाको स्थापना उल्लेखनीय वृद्धि हुन नसकेको कारण आर्थिक गतिविधिमा सुस्तता देखिएको छ। यस अवस्थामा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायीत्व कायम गर्दै गाउँपालिकाको लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण रहेको छ। हाम्रो गाउँपालिकाले वार्षिक कार्ययोजना अनुरुप काम गर्ने संस्कृतिको निर्माण गर्नु आवश्यक देखिएको छ। स्थानीय सरकारको खर्च हुनु भनेको राजश्व परिचालन हुनु हो। राजश्व परिचालन हुनु भनेको जनतामा राजश्व वितरण हुनु हो। राजश्व वितरण हुँदा जनताले रोजगारी पाउने, सरकारवाट सेवा सुविधा पाउने र आम्दानीको वढोत्तरी हुने अवस्थाको निर्माण हुन्छ। त्यसले पुन राजश्व संकलनलाई सकारात्मक तिर लैजान महत्वपूर्ण योगदान पुर्याइरहेको हुन्छ। यसरी गाउँपालिकाको प्रभावकारी खर्चले राजश्वलाई वृद्धि गर्न भूमिका खेलिरहेको हुन्छ जसले अर्थतन्त्रलाई गतिशिल वनाईरहेको हुन्छ र गाउँपालिकाको सेवा प्रवाह बढी भन्दा बढी जनतामा पुर्याईरहेको हुन्छ र स्थानीय सरकार र राज्यप्रति नागरिको आस्था मजवुत र सघन वनाइहेको हुन्छ। त्यसैले प्रभावकारी खर्च समयमा हुनु अनिवार्य सर्त हुन्छ। हाम्रो गाउँपालिकाको सन्दर्भमा यो चालु आ.व. मा पनि अन्तिम त्रैमासिकको पनि अन्तिम महिनामा खर्च गर्ने प्रवृतिले निरन्तरता पाएको छ। यसले असार मसान्तमा अत्यधिक भुक्तानी हुने, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुने, योजना सम्पन्नको लागि म्याद थप गर्ने र समयमै काम गरी सेवा प्राप्त गर्ने अधिकारबाट नागरिक वञ्चित रहने भएकाले प्रभावकारी रुपले समयमै काम सम्पन्न गरी सेवा प्रवाह गर्नु चुनौति रहेको छ।

माथि उल्लेखित चुनौतिको वावजुद यस गाउँपालिकाले लिएको पहल कदमीले अर्थतन्त्रमा सकारात्मक सुधार देखिन थालेका छन् । गाउँपालिका डिजिटल प्रविधि राजश्व संकलनको कार्यको थालनी भएकोले समयमै राजश्व संकलन हुने अवस्था सिर्जना भएको छ । त्यस्तै साधारण खर्च लाई वाञ्छित सीमा भित्र राख्ने र विनियोजन दक्षता र कार्यान्वयन कुशलताको संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ वजेट प्रणालीमा सुधारको प्रस्ताव गरिएको छ । त्यस्तै राजश्वको दर होइन दायरा वढाउने र राजश्वमा योगदान गर्ने सम्पूर्ण नागरिकलाई संलग्न गराउने हेतुले  नीति तथा कार्यक्रम वमोजिम व्यवसाय दर्ता र नवीकरणलाई अलग दर कायम गरी गतिशिल र नियमित गरिनेछ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

माथिको उल्लेखित चुनौति र अवसरलाई मनन गर्दै सरकारी, निजि र सहकारी क्षेत्रको सम्बन्ध र सहअस्तित्वलाई विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्न जोड दिने प्रस्ताव पेश गरिएको छ । सार्वजनिक श्रोतको समुचित तथा उपलव्धीमूलक परिचालन गर्नुको साथै उपलव्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरिववीचको खाडल कम गर्नु पर्ने आवश्यक महशुष गरी वजेटका उद्देश्य तथा प्राथमिकता तय गरिएको छ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

आगामी आ.व. ०८२/०८३ को प्रमुख उद्देश्य वमोजिम उल्लेख गरिएको छः

१. गोसाईकुण्ड, लाङटाङ हिमाल, गोदेगाङ, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी, तामाङ कल्चरल रेडपाण्डा पार्क जस्ता पर्यटकीय क्षेत्रको प्रवर्द्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य क्षेत्रको रुपमा विकास गर्ने ।

२. आर्थिक विपन्नता तथा भौगोलिक विकटता कारण शिक्षाको पहूँचबाट टाढा रहनु पर्ने अवस्थाको अन्त्य गरी शिक्षामा सवैको पहुँच हुने व्यवस्था गर्न, शिक्षण सिकाई वातावरणको निर्माण गर्न गाउँपालिका अध्यक्ष छात्रावास कार्यक्रम, पोशाक वितरण कार्यक्रम र माध्यमिक विद्यालयको लागि विद्यालय वसलाई निरन्तरता दिने ।

३. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँ वस्तीहरु विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना वमोजिम सवै वडाहरुमा जनताहरुको सडक सहज पहुँचलाई वृद्धि गर्न स्तरोन्नती गर्ने ।

४. नागरिकहरुको आधारभूत र मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्न स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईलाई थप व्यवस्थित गर्ने ।

५. समुदायमा आधारित मातृ तथा नवजात शिशु, वालस्वास्थ्य हेरचाह र व्यवस्थापन सवलीकरण परियोजनालाई प्रभावकारी वनाउने ।

६. कृषि, पशु सँग सम्बन्धित विषयलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरुको सञ्चालन गर्ने ।

७. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षण मार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरुको संरक्षण गर्ने ।

८. उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिवी निवारण गर्न योगदान पुर्याउने ।

९. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।

गाउँ सभाका सभाध्यक्ष महोदय

गाउँ सभाका सदस्यहरु

आगामी आ.व. ८२/०८३ का वजेट प्राथमिकताहरु निम्न अनुसार उल्लेख गरिएको छः

१. आगामी आर्थिक वर्षमा शिक्षाको अवस्थालाई गुणस्तरयुक्त र प्रभावकारी वनाउन शिक्षालाई पहिलो प्राथमिकता।
२. स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास।
३. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित।
४. गुम्वा तथा विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना।
५. सुशासन र संस्थागत विकास ।
६. सामाजिक क्षेत्रमा गुणात्मक सुधार ।
७. प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार।

गाउँ सभाका सभाध्यक्ष महोदय

अव म क्षेत्रगत वजेट विनियोजनको वारेमा उल्लेख गर्न अनुमति चाहान्छु।

**सामाजिक विकास**

सामाजिक विकास तर्फ शिक्षामा सशर्त अनुदानबाट रकम रु. ७ करोड १४ लाख र गाउँपालिका तर्फबाट रु १ करोड ८५ लाख गरी चालुमा जम्मा रकम रु. ८ करोड ९९ लाख, त्यस्तै स्वास्थ्यमा शसर्तबाट रकम रु. २ करोड ८९ लाख र गाउँपालिका

तर्फबाट रु. १ करोड गरी स्वास्थ्यमा चालुमा जम्मा रु. ३ करोड ८९ लाख र स्वास्थ्य पूँजीमा सशर्त तर्फबाट रु. १ करोड ६३ लाख गरी स्वास्थ्य जम्मा रु. ५ करोड ५२ लाख, महिला तथा वालवालिका तथा ज्येष्ठ नागरिक शाखामा गाउँपालिका तर्फबाट चालुमा २७ लाख विनियोजन गरिएको छ। त्यस्तै विपद् तथा व्यवस्थापनमा चालु रकम रु. १० लाख विनियोजन गरिएको छ। दलित समुदायको परम्परागत सीप विकास तथा पूर्वाधार निर्माणको लागि रकम रु. १० लाख विनियोजन गरिएको छ । यसरी आगामी आ.व. २०८२/०८३ मा **सामाजिक विकास** तर्फ रकम रु. १४ करोड ९८ लाख रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकास

आर्थिक विकास तर्फ कृषि विकासमा संघ शसर्तबाट चालुमा रकम रु. २१ लाख र गाउँपालिकाबाट रु. ७० लाख गरी कृषि विकासमा ९१ लाख, पशु सेवामा संघ शसर्त बाट चालुमा रकम रु. ९ लाख र गाउँपालिकाबाट रु. ७० लाख गरी पशु सेवामा रु. ७९ लाख, संघ शसर्तबाट उद्यम विकासमा चालुमा रु. ५ लाख विनियोजन गरिएको छ । पर्यटन प्रवर्द्धन पूर्वाधारको लागि रकम रु. २५ लाख विनियोजन गरिएको छ। **यसरी आर्थिक विकास**मा आगामी आ.व. २०८२/०८३ को लागि जम्मा रकम रु. २ करोड विनियोजन गरिएको छ।

## पूर्वाधार विकास

पूर्वाधार विकास तर्फ पूँजीगतमा संघ सशर्तबाट रकम रु. १ करोड ८३ लाख, संघ समपूरक अनुदानबाट रु. ५० लाख,  प्रदेश सशर्तबाट रकम रु. १ करोड ७५ लाख, विशेष अनुदानबाट रु. ६५ लाख र प्रदेश समपूरक अनुदानबाट रु. १ करोड ५ लाख र गाउँपालिकाबाट रु.  ९ करोड २० लाख गरी **पूर्वाधार विकास**मा जम्मा रकम रु. १३ करोड ८० लाख रकम विनियोजन गरिएको छ।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

सुशासन तर्फ चालुमा संघ शसर्तबाट रकम रु. सुरक्षित आप्रवासनमा रकम रु. १० लाख, राष्ट्रिय रोजगार कार्यक्रम रु. २६ लाख, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजनामा रकम रु. ५ लाख, राष्ट्रिय परिचय तथा पञ्जिकरण कार्यक्रममा रकम रु. ४ लाख, गरिवसँग विश्वेश्वर कार्यक्रममा रकम रु. ४ लाख विनियोजन गरिएको छ । त्यस्तै गाउँपालिकाबाट न्यायिक समितिमा रकम रु. २८ लाख विनियोजन गरिएको छ । यसरी आगामी आ.व. २०८२/०८३ मा **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**मा रकम रु. ७७ लाख रकम विनियोजन गरिएको छ ।

## कार्यालय सञ्चालन तथा प्रशासनिक

कार्यालय सञ्चालन तथा प्रशासनिकमा प्रदेश शसर्तबाट २२ लाख र गाउँपालिकाबाट रकम रु. १० करोड ७ लाख गरी **कार्यालय सञ्चालन तथा प्रशासनिक**मा रकम रु. १० करोड २९ लाख रकम विनियोजन गरिएको छ ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

आगामी आर्थिक वर्ष ८१/०८२ को अनुमानित खर्च अक्षेरुपी रुपैंयाँ **४१ करोड ८४ लाख** हुने अनुमानित प्रक्षेपण गरिएको छ । चालु तर्फ रु. २६ करोड ४१ लाख ९० हजार अर्थात कुल वजेको ६३ प्रतिशत र पूँजीगत तर्फ रु. १५ करोड ४३ लाख अर्थात कुल वजेटको ३७ प्रतिशत खर्च विनियोजन गरिएको छ । आगामी आ.व. मा साझेदारी कार्यक्रमलाई प्रर्वद्धन गर्न साझेदारी कार्यक्रममा रकम रु. ५० लाख

विनियोजन गरी सार्वजनिक निजी साझेदारीको कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

**खर्च व्यहोर्ने श्रोतहरु**

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

आगामी आ.व. ०८२/८३ को खर्च व्यहोर्ने श्रोतको रुपमा सङ्घीय सरकारवाट सशर्त अनुदानको रुपमा प्राप्त हुने रु. ११ करोड ९ लाख, सङ्घीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने रकम रु. ९ करोड ६५ लाख र संघ राजश्वबाट प्राप्त रकम रु. ८ करोड ६०लाख, संघ विशेष अनुदानबाट प्राप्त हुने रु. १ करोड ६३ लाख, संघ समपूरक अनुदानबाट प्राप्त रकम रु. ५० लाख, प्रदेश सशर्त अनुदानको रुपमा रकम रु. १ करोड ९७ लाख, प्रदेश समानीकरण अनुदानको रुपमा प्राप्त रकम रु. ८४ लाख ६४ हजार र प्रदेश राजश्वबाट प्राप्त रकम रु. ३ करोड ५६ लाख, प्रदेश विशेष अनुदानको रुपमा रकम रु. ६५ लाख, प्रदेश समपूरक अनुदानको रुपमा रकम रु. १ करोड ५० लाख र आन्तरिक राजश्व रकम रु. ६५ लाख र अल्याको रुपमा रकम रु. १ करोड १९ लाख गरी कुल रकम अक्षेरुपी रु. **४१ करोड ८४ लाख** श्रोत कायम हुने अनुमान गरिएको छ ।

**आगामी आर्थिक वर्ष पछाडिको थप दुई वर्षको वजेट प्रक्षेपण**

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

आगामी आर्थिक वर्ष पछिको पहिलो वर्ष आ.व. ८३/०८४ को कुल वजेट रु. ४२ करोड ५० लाख, आगामी आर्थिक वर्ष पछिको दोस्रो वर्ष आ.व. ०८४/०८५ मा कुल वजेट ४४ करोड ५० लाख हुने प्रक्षेपण गरिएको छ ।

**राजश्व परिचालन नीति**

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

आगामी आ.व. ८२/८३ को राजश्व परिचालनको नीतिहरु देहाय वमोजिम हुनेछन्:

- राजश्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने ।
- कर तिर्नु पर्छ भन्ने वातावरण वनाउन स्थानीय स्तरमा करसम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- करको दरको भन्दा पनि करको दायरा विस्तार गर्नेमा जोड दिने ।
- कर आधार र क्षेत्रहरु विस्तार गर्ने ।
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गाउँपालिकाको राजश्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने ।
- राजश्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी वनाउने ।
- करदाता शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।
- कर निर्धारण गर्दा समन्यायिक सिद्धान्तलाई आत्मसाथ गर्ने ।
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने ।

- प्रत्येक वडाबाट सञ्चालन हुने विभिन्न कर, सेवा शुल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने ।
- कर प्रशासनसँग संलग्न कर्मचारीहरुको लागि कर प्रशासनमा सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

गाउँ सभाका सभाध्यक्ष महोदय
गाउँ सभाका सदस्यहरु

गत आर्थिक वर्षको ८०/०८१को यथार्थ आय व्यय, चालु आ.व. ८१/०८२ को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष ८२/०८३ को अनुमानित आय व्यय यसै साथ संलग्न अनुसूचीमा उल्लेख गरेको छु ।

यस वजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस गाउँ सभाका सभाध्यक्षज्यू, ६ ओटै वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिका र सभाका सदस्यज्यूहरु, राजनीतिक दलका शीर्ष नेता ज्यूहरु, नागरिक समाज अर्थ तथा योजना विद् , निजि क्षेत्र तथा सहकारी क्षेत्रका विद्वतवर्ग, पत्रकार, यस गाउँपालिकाको कर्मचारीहरु, तथा तमाम् महानुभावहरुको रचनात्मक सुझाव, सल्लाह र प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा गोसाईकुण्ड गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याउने स्थानीय करदाता, सङ्घ र प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारी प्रति आभार प्रकट गर्दछु । यो वजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाक्षां पुरा गर्न सवल, सक्षम, समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्ने अभियानमा

सक्रिय रुपमा सहभागी हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक आह्वान गर्दछु ।

# धन्यवाद !

# अनुसूची १

| आगामी आ.व. २०८२/०८३ को अनुमानित आय (हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व. को संशोधित अनुमानित आय | आगामी आ.व. को अनुमानित आय |
| ११३१३ | सम्पत्ती कर | १२ | २१ | ० |
| ११३१४ | भुमिकर/मालपोत | १२७१ | १३२ | १००० |
| ११३१७ | वहाल कर | २८७३ | ११४५ | ११०० |
| ११६९१ | अन्य कर | १० | २२१७ | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ३७८ | ७०२ | १००० |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | ० | ० | ० |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ६३ | ० | ८५ |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | ४० | ४९ | ४५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३१७ | २६३ | २०० |
| १४२४१ | पार्किङ शुल्क | ० | १५६ | २२० |
| १४२४२ | नक्सा पास दस्तुर | १४७ | १४३ | १०० |
| १४२४३ | सिफारिस दस्तुर | १५२ | १०२ | ८० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १८८ | १२८ | २०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३५ | २० | २० |
| १४२४९ | अन्य दस्तुर | ७४ | २१ | १६० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८५ | २३४ | ३०० |
| १४२६५ | अन्य क्षेत्रको आय | १३ | ३ | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०१८ | ० | ० |
| १४५२९ | अन्य राजश्व | ९९५४ | १३३ | १५०० |
| १४६११ | व्यवसाय कर | ६६१ | १६१२ | ३०० |
| १५१११ | बेरुजु | ० | २० | २०० |
| | | १७२९१ | ७१४३ | ६५०० |

| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व. को संशोधित अनुमानित आय | आगामी आ.व. को अनुमानित आय |
|---|---|---|---|---|
| | संघ शसर्त | १०६२३२ | १२३८२२ | ११०९७२ |
| | संघ समानीकरण | ७२९१२ | ७१६६४ | ९६५०० |
| | संघ राजश्व | ६६८७० | ६९५२४ | ८६०४२ |
| | संघ समपूरक | ३१६५ | ० | ५००० |
| | संघ विशेष | ० | ५००० | १६३०० |
| | प्रदेश शसर्त | १११६७ | १५४२४ | १९७०८ |
| | प्रदेश समानीकरण | ७४४६ | ७३५१ | ८४६४ |
| | प्रदेश राजश्व | १८७०१ | ३४२१५ | ३५६०४ |
| | प्रदेश समपूरक | ५०६२ | २०००० | १५००० |
| | प्रदेश विदेश अनुदान | ० | ८००० | ६५०० |
| | आन्तरिक श्रोत | १७२९१ | ७५०० | ६५०० |
| | अल्या (नगद मौज्दात) | ६१३४९ | ३०००० | ११९०० |
| | | ३७०१९५ | ३९२५०० | ४१८४९० |

# अनुसूची-२

आ.व. २०८२/०८३ को अनुमानित व्यय तर्फ (हजारमा)

| क्र. सं. | खर्च शीर्षक | निशर्त अनुमानित व्यय | संघ शसर्त अनुमानित व्यय | संघ समपूरक अनुदान | संघ विशेष अनुदान | प्रदेश समपूरक अनुदान | प्रदेश विशेष अनुदान | प्रदेश शसर्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालुगत | १५३०१० | १०८९७१ | ० | ० | ० | ० | २२०८ | २६४१९० |
| २ | पूँजीगत | ९२००० | २००० | ५००० | १६३०० | १५००० | ६५०० | १७५०० | १५४३०० |
| | जम्मा | २४५०१० | ११०९७१ | ५००० | १६३०० | १५००० | ६५०० | १९७०८ | ४१८४९० |